# नेपाल ख्रीष्टियन हेराल्ड
# NEPAL CHRISTIAN HERALD






**राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार**

Volume 23 No 5 Monthly International Edition of Herald of His Coming May 2022

**वर्ष २३, अङ्क ५ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (जेठ, २०७९)**


# परमेश्वरको वचन : प्रकाश, जीवन र शक्ति

## God's Word : Light, Life and Power

**By Adolph Saphir (1831-1891)**

एकजना मानिसले यसो भनेको सुनेको छु, "परमेश्वरको वचनलाई श्राद्ध, कृतज्ञताविना कहिल्यै पनि त्यत्तिकै खोल्नु हुँदैन ।" परमेश्वरको वचन स्वर्गले पृथ्वीसँग बातचित गरेजस्तै हो । जसरी हामी जीवित परमेश्वरको वचन सुन्दछौं । उहाँले बोलेको भाषाभन्दा बहुमूल्यको अरू के कुरा हुन सक्दछ ? उहाँको आफ्नो भाषा, आफ्नै शब्दहरूद्वारा उहाँको हृदय विचार हामीले बुझ्न सक्ने गरी उहाँले हामीमा दिनुभयो । योभन्दा महान् अरू कुनै कुरा हुन सक्दछ र ? परमेश्वरको आवाज सुन्नु भनेको हामीलाई जे मन पर्दछ त्यही कुरा मात्र होइन, त्योभन्दा धेरै बढ्ता उहाँले हामीलाई दिनुभएको मार्गदर्शन, स्नेह, इच्छा बुझ्नु हो । जसले गर्दा हाम्रो भित्री मनुसत्वमा स्वीकार आउँछ र यो कुरा हामीमा उहाँको प्रकाश र शक्तिबाट निर्देशित हुन्छ ।

हाम्रो जीवनले परमेश्वरको प्रकाश र शक्तिलाई किन प्राप्त गर्न सकेको छैन ? कारण स्पष्ट छ, हामीले उहाँको वचनलाई स्वीकार्दा उहाँलाई स्वीकारेका छौं भन्ने कुरा बिर्सिएमा हुन्छौं । हामीले साधारण आत्मिक जीवन जिउनु हुँदैन । परमेश्वरको वचनबाट दैनिक रूपमा आत्मिक सेर्न सक्नुपर्दछ । परमेश्वरको वचनबाट आफूलाई जे-जे मन पर्दछ, त्यही मात्र लिनु हुँदैन । यसले शरीरको भित्र परेर हाम्रा फोहोरहरू पनि निकाल्छ र हामीलाई उहाँमा परिवर्तन भएको घटनालाई विचार गरौं त ! परमेश्वरको त्यो वचन हाम्रो लागि पनि त्यत्तिकै महत्वपूर्ण छ ।

### जीवन र रूपान्तरण शक्ति

परमेश्वरले हामीलाई उहाँको वचन दिनुको कारण हामीले वचनद्वारा उहाँलाई प्राप्त गर्न चिन्न सकौं भनेर हो । परमेश्वर केवल परमेश्वर मात्र जीवन हुनुहुन्छ । उहाँ आफैंमा जीवन छ र उहाँको वचनमा पनि जीवन छ । उहाँको वचनबाट केवल असल कुराहर मात्र आउँदैन यसको अर्थ हामीलाई जे-जे मन पर्दछ त्यहीमात्र भन्न खोजिएको होइन । परमेश्वरको वचनमा धेरै अगमवक्त, राजाहरूको जीवनी लेखिएको छ जसबाट हामीलाई पनि केही कुरा सिक्न सकौं ।

"परमेश्वरको वचन जीवित छ ।" (हिब्रू ४ : १२) जब हामी वचनलाई ग्रहण गर्दछौं वा चिन्दछौं त्यसले हामीमा शक्ति प्रदान गर्दछ । "जीवन दिनुहुने आत्मा हुनुहुन्छ, शरीरबाट केही फाइदा हुँदैन । जुन वचन मैले तिमीहरसँग बोलेको छु, ती आत्मा र जीवन हुन् ।" (यूहन्ना ६ : ६३) परमेश्वरको वचनलाई ऊसँग तुलना गरिएको छ, ऊ साधरण र नगन्य नै देखिन्छ तर जब त्यो उम्रियो भने त्यसले धेरै गुना फल ल्याउँछ । उम्रिएपछि त्यसले शक्ति देखाउँछ । हाम्रो जीवनमा पनि यो सिद्धान्त लागू हुन्छ । सामान्यतया बीउ उम्रिन्छ र बढ्दै-बढ्दै जान्छ- हामीलाई थाहै हुँदैन यो कसरी बढ्न सक्छ । पहिला बिरुवा, त्यसपछि अलि ठूलो-ठूलो हुँदै रुखसम्म पुग्दछ । हाम्रो जीवनमा परमेश्वरको वचन पनि त्यसरी नै बढ्दै बढ्दै जानु पर्दछ ।

परमेश्वरको वचन पनि हाम्रो जीवनमा जसरी प्राप्त भएको छ, त्यो त्यत्तिकै बसिरहँदैन त्यसले हाम्रो जीवनमा निरन्तर काम गरिरहेको हुन्छ । त्यसले हाम्रो जीवनको हरेक पक्षमा काम गरेकाले हाम्रो जीवनको हिँडाइमा यो एकदमै सक्रिय रहन्छ । यो आफैँ सयौँ गुणा, साठी गुणा र तिस गुण वृद्धि हुँदै जान्छ । हाम्रो जीवनमा बाधा पुऱ्याउने कुराहरूदेखि हामी टाढै बस्नु पर्छ । परमेश्वरको वचन प्रयोग गर्नको लागि हो, लुकाउन होइन । "तर वचन पालन गर्ने होओ, र सुन्नेमात्र भएर आफैँलाई धोका नदेओ ।" (याकूब १ : २१) तपाईंको जीवनमा रोपिएको बीउ शत्रुले ननिलोस् ।

परमेश्वरको वचन अध्ययन गर्दा यसको उद्देश्य हुन्छ भनी विश्वास गरेर अध्ययन गर्नुपर्दछ । आत्मामा भर परेर, अध्ययन गर्ने हो भने यसैले अति ठूलो प्रभाव पार्दछ । यसले हाम्रो चरित्रमै परिवर्तन ल्याउँदछ किनभने यसले मानिसको हृदयमै काम गर्दछ । अनुग्रह हाम्रो गुरु हो र यसले वचन बुझ्ने समयावधिभरि हामीलाई अनुशासनमा ल्याउँछ ।

हामीसँग परमेश्वरले गर्ने व्यवहार यी दुईवटा शब्दहरूमा आधारित हुन्छ । ती हुन्- हाम्रो पाप र आवश्यकता । परमेश्वरको अनुग्रह र पूर्णताले यी दुवै चित्रहरूमाथि शासन गर्दछ, र हाम्रो जीवनभन्दा परमेश्वरको वचन बढ्ता महत्वपूर्ण हुन जान्छ । उहाँले हाम्रो आवश्यकता पूरा गरिदिनुहुन्छ, उहाँले हामीलाई पुनरुत्थान र जीवन दिनुहुन्छ । उहाँले हाम्रो शून्यतालाई प्रकट गराई दिनुहुन्छ हामीलाई ख्रीष्टको सम्पत्तिको रूपमा खुला हुन त्यही अनुग्रहले सहायता गर्दछ । अब हामी स्वतन्त्र मानिस हुन जान्छौँ र परमेश्वरले काम गर्ने तरिका एकदमै फरक प्रकारको छ ।

**ईश्वरशास्त्रमा ख्रीष्ट**

बाइबल जीवनको पुस्तक हो । जसले यसको साँचो अर्थ बुझ्दछन् तिनीहरूले मात्र आफ्नो जीवनलाई पनि बुझ्दछन् । त्यसकारणले परमेश्वरका छोराछोरीहरूले उहाँको वचन अध्ययन गर्दछन् र जीवनको साँचो अर्थ बुझ्दछन् । परमेश्वरको वचन हिजो जत्तिको महत्पूर्ण थियो आज छ र भोलि पनि रहिरहनेछ किनभने यसमा जीवन छ ।

परमेश्वरको वचन पढ्दा ख्रीष्ट केन्द्रित विश्वासमा विकास हुन्छ । विश्वासीहरूले परमेश्वर पिताले दिनुभएको व्यवस्था र पवित्रआत्माको सहायताले साँचो ख्रीष्टलाई चिन्दछन् । परमेश्वरको वचनले हरियो चरन देखाउने मात्र होइन तर यसमा लेट्न/चर्न पनि सिकाउँछ । अझै उहाँले विश्वासीहरूले आफैँमा विश्राम लिन सिकाउनुहुन्छ । अब विश्वासीहरूले स्वर्गीय आनन्द यस पृथ्वीमा प्राप्त गर्न सक्दछन् ।

यसरी विचार गरौँ त परमेश्वरको वचन कति महत्वपूर्ण रहेछ, त्यसैले यसलाई पढ्दा लगनशीलतासाथ एकदमै ध्यान दिएर पढ्नुपर्दछ । मैदानमा हतियार बोकेर हिँड्ने सिपाहीजस्तो दौडिदै होइन किलुकिएको गाडधनलाई कोशिस गरेर निकाल्न खोजेजस्तो गरी परिश्रम गरी परमेश्वरको वचन पढ्नुपर्दछ ।

परमेश्वरको महान् र गम्भीर वचनअनुसार हाम्रो हृदय र सोचाइलाई त्यसैअनुरूप चलाउनु पर्दछ । हो, कतिपटक परमेश्वरको वचन बुझ्न एकदमै कठिन पनि हुन सक्दछ । तर पनि आफैँलाई नम्र पार्दै र अरू केही पनि होइन भन्दै अध्ययन गर्नुभयो भने अवश्य वचन बुझ्न सकिन्छ ।

यो अद्भुत सत्यतालाई हामी भजनसंग्रह ११९ मो देख्न सक्छौँ- "तपाईंको वचन पालन गरुँ भनेर, मैले आफ्नो गोडालाई हरेक खराब मार्गबाट अलग्ग राखेको छु ।" (१०१)

"मेरा हृदयलाई तपाईं कानुनतिर फर्काउनुहोस् स्वार्थपूर्ण लाभतिर होइन । (३६)

"दोहोरो मन भएका मानिसलाई म घृणा गर्दछु, तर तपाईंको व्यवस्थासँग म प्रेम राख्दछ ।" (११३)

वचन जे भए तापनि यसको ख्रीष्टसँग सम्बन्ध हुन्छ । परमेश्वरको वचन शक्तिशाली र जीवन दिने हुन्छ । वचन ख्रीष्टको कारणले जीवन दिने भएको हो । के यो वचन तपाईंको लागि शक्तिशाली छ ? हो हुनुपर्दछ । यसैकारणले गर्दा परमेश्वरको वचनमा जीवन छ किनभने ख्रीष्ट परमेश्वरको शक्ति हुनुहुन्छ । अब बुझ्नुहोस्, परमेश्वरको वचन अरू कुनै दुईधारे तरबारभन्दा शक्तिशाली हुन्छ । "परमेश्वरको वचन जीवित र क्रियाशील हुन्छ र कुनै पनि दुईधारे तरबारभन्दा बढी धारिलो हुन्छ । जसले प्राण र आत्मालाई त्यसका जोर्नी-जोर्नी र हाडको गुदीसम्मलाई भाग-भाग पारुन्जेल वारपार छेड्ने र हृदयका विचार र इच्छा जाँच्न सक्ने हुन्छ ।" (हिब्रू ४ : १२) ख्रीष्ट इस्राएलको लागि पतन र विजयको कारण हुनुहुन्छ । किनभने परमेश्वरले पत्रुसजस्तो व्यक्तिलाई पनि आफ्नो जीवन ख्रीष्टको निम्ति प्रदान गर्ने बनाउनु भयो । हेर्नुहास् त भिन्नता ।

के यो विवेकको विचार र हृदयको

आसय हो ? यो खीष्टको कारणले गर्दा भएको हो मानिसको हृदयमा के छ भन्ने परमेश्वलाई थाहा छ । नथानिएल अन्जिरको रुखमुनि हुँदा, अरू फरिसीहरूले उहाँको बारेमा के सोच्दछन् ? तिनीहरूको हृदयको खराबीपना खीष्टले चिन्नुहुन्छ । जस्तो वचनमा भनिएको छ, “परमेश्वरको दृष्टिमा सृष्टिको कुनै कुरा लुकेको हुँदैन । उहाँका नजरको सामुन्ने सबै कुरा प्रष्ट र खुला छन्, उहाँलाई नै हामीले लेखा दिनुपर्छ ।” (हिब्रू ४ : १३)

लिखित र मौखिक वचनलाई परमेश्वरको वचन र उहाँ स्वयम् वचन हुनुहुन्छ भनिएको छ । सका आँखा जलिरहेको आँखाका ज्वालाजस्तै छन्, पिताले पुत्रलाई पनि त्यस्तै न्यायाधिकार दिनु भएको छ ।

परमेश्वरद्वारा बोलिएको वचन जुन महजस्तै गुलियो छ के यो तपाईंको निम्नि पोषण दिने आहार बनेको छ ? के तपाईं त्यसले तृप्त हुनुभएको छ । येशूले भन्नुभयो “म जीवनको रोटी हुँ ।” हो उहाँलाई खाने कोही पनि भोकाउने छैन । उहाँले भन्नुभयो “म जीवनको ज्योति हुँ” अन्धकारमा त्यो ज्याति चम्कने छ ।

खीष्ट हाम्रो जीवनको स्रोत हुनुहुन्छ । त्यसले त उहाँलाई मुक्तिदाता भनिन्छ । उहाँ आत्मा हुनुहुन्छ त्यसैले उहाँ हामी सबैका मुक्तिदाता हुनुहभयो । उहाँ हाम्रो जीवन र शक्ति हुनुहुन्छ । खीष्टमा रहेको आत्मा जसलाई धर्मशास्त्रले व्याख्या गरेको छ त्यसमा जीवन छ त्यो जीवन अजम्बरी जीवन हो ।

येशूले भन्नुभयो, “ढोका म नै हुँ ।” उहाँद्वारा हामी सत्य वचनको भित्र प्रवेश गर्न सक्दछौँ । खीष्टमा आउने जति उहाँको दयाभित्र छिर्न सक्दछन्, “मैले तिनीहरूलाई तपाईंको वचन दिए, तर संसारले तिनीहरूलाई घृणा गर्‍यो, किनकि तिनीहरू संसारका होइनन्, जसरी म संसारको होइन ।” (यूहन्ना १७ : १४) यो वचन येशूले भन्नुभएको हो । जसरी हामीसँग उहाँद्वारा वचन छ, त्यसैले वचनका हरेक भागमा हामी उहाँलाई भेट्टाउन सक्दछौँ । परमेश्वरको वचन हाम्रो जीवनको लागि प्रकाश र शक्ति हो । यो सत्यता हामी सबैले बुझ्नु पर्दछ । परमेश्वरले हरेकलाई यो सत्यता बुझ्ने र प्रयोगमा ल्याउने शक्ति दिनुभएको होस् । आमिन् ।

Arranged from Christ and the Scripture by Adolph Saphir

# साक्षीको लागि शक्ति

## Power for Witnessing

**By Andrew Murray (1828-1917)**

“हेर, म मेरा पिताको प्रतिज्ञा तिमीहरूकहाँ पठाउँछु, तर माथिबाट शक्ति प्राप्त नगरुन्जेल तिमीहरू यही सहरमा बसिरहो ।” (लूका २४ : ४९)

परमेश्वरले आफ्ना चेलाहरूलाई भन्नुभयो, “म विना तिमीहरूले केही पनि गर्न सक्दैनौ ।” वास्तवमा परमश्वरले संसारलाई जित्न त धेरै विद्वान्, धनी, खानदानी मानिसलाई पो पठाउनुपर्ने किन उहाँले साधारण मानिसहरूलाई यो काम जिम्मा लगाइदिनुभयो ? परमेश्वरले तिनीहरूको कमजोरीमै उहाँको शक्ति प्रदर्शन हुन्छ भन्ने थाहा पाएर नै साधारण मानिसहरूले परमेश्वरको शक्तिप्राप्त गरेर र यही माथिबाट को शक्तिमा महान्-महान् कामहरू गर्न सके ।

त्यस्तै गरी जब येशू खीष्ट यस पृथ्वीमा हुनुहुन्थ्यो त्यतिबेला परमेश्वर पिताले पनि आफ्नो सम्पूर्ण शक्ति खीष्टलाई दिनुभएको थियो । त्यसकारणले अहिले स्वर्गमा परमेश्वरको छेउमा खीष्ट रहनुभएको छ र हाम्रो लागि महान् काम गर्नु भएको छ । त्यसैले त खीष्टले भन्नुभयो, “स्वर्ग र पृथ्वीको सम्पूर्ण अधिकार मलाई दिइएको छ ।” अहिले हामीलाई यस पृथ्वी र रहँदा खीष्टको सेवा गर्ने नै हो । प्रार्थना, विश्वास र उहाँमा गाँसिएर खीष्टको शक्ति हामीले पनि प्राप्त गर्न सक्दछौँ ।

तिनीहरूले माथिबाटको शक्तिप्राप्त नगरुन्जेल तिनीहरू एकदमै साधारण मानिसहरू थिए तर माथिबाटको शक्तिप्राप्त गरेपछि, खीष्टजस्तै हुन सके । जब उहाँ तिनीहरूलाई यो शक्ति प्रदान गर्नुभयो अब तिनीहरूको हरेक काम परमेश्वरले खीष्टद्वारा दिनुभएको अधिकार सम्वत् हुन गयो । तिनीहरूको हरेक दिन प्रार्थना र खीष्टको आज्ञापालन गर्नुमा त्यति नभएको थियो । जुन कुरा परमेश्वरले तिनीहरूबाट अपेक्षा गर्नुभएको थियो ।

ती प्रेरितहरूले खीष्टसँगको सामिप्यताको बारेमा राम्रोसँग सिकेका र जानेका थिए । तिनीहरूले खीष्टले गर्नुभएका सम्पूर्ण कामहरू स्पष्ट रूप्मै देखेका थिए । उहाँको शिक्षा, पीडा, खुसी, आँसु, चेलाहरूले आफ्नै आँखाले देखेका थिए । कति कुराहरू त तिनीहरूले बुझ्न सकेका थिएनन् । जब पुनरुत्थानपछि खीष्टको

सेवाको निरन्तरता तिनीहरूले देखे तिनीहरू छक्कै परे । येशूले दिनुभएको सेवाको भाग पवित्र आत्मा जब तिनीहरूले प्राप्त गरे अति मात्र उहाँले भन्दा महान् काम यी साधारण चेलाहरूले गर्न सके । तिनीहरू जतिबेलासम्म स्वर्गबाट पवित्र आत्माको शक्ति तिनीहरूको बिचमा आउनुभयो त्यसपछि तिनीहरू लगातार त्यही शक्तिले परिचालित हुन सके । तिनीहरूमा वास गर्ने पवित्र आत्मा महान् हुनुहुन्छ ।

संसारभरिका मानिसहरूलाई सुसमाचार प्रचार गर्ने शक्ति त्यही एक दिन पवित्र आत्मा तिनीरुको आउनुभएको शक्ति नै हो । तिनीहरूले खीष्टलाई हृदयमा राखेर पवित्रआत्माको शक्तिमा साक्षी दिन सके । सर्वशक्तिमानको शक्तिले आज पनि हामीलाई अति नै बलवान् बनाउँछ । सुमाचार प्रचार गर्ने शक्ति पवित्र आत्माको शक्ति हो । जस जसले नयाँ करारमा यो वचन सुने मुक्तिलाई ग्रहण गरे हाम्रो आजको जिम्मेवारी पनि त्यही नै हो । पवित्र आत्माको शक्तिमा खीष्टलाई घोषणा गर्न ।

"तिमीहरू मेरा साक्षी हुनेछौ ।" (प्रेरित १ : ८)

खीष्टका सेवकहरू उहाँको साक्षी हुनको निम्ति बोलाइएहरू हुन् । उहाँको अद्‌भुत प्रेमको प्रचार गर्न कुनै बाधाहरूले रोक्नु हुँदैन । उहाँको लगातार रहिरहने प्रेम बाँड्न उहाँको शक्तिको आवश्यकता पर्दछ । हरेक सेवकहरूमा परमेश्वरको माथिबाटो नसिद्धिने प्रेमले भरिएको जीवन हुनुपर्दछ । वचन प्रचार गरेर मात्र गवाही हुने कुरा होइन तर जीवनका हरेक क्षेत्रमा त्यसलाई प्रयोग गरेर जीवित प्रमाण र साक्षा हुन येशूले हामीसँगबाट आशा गर्नुहुन्छ । येशूले के गर्नुहुन्छ त्यो अरुहरूलाई प्रदर्शन गर्नुपर्दछ ।

खीष्टको पाउमा मानिसहरूलाई ल्याउनको निम्ति सुसमाचार एकमात्र हतियार हो । हो त्यही काम खीष्टका पहिला चेलाहरूले गरे । जब तिनीहरू आत्माले पूर्ण रूप्मा भरिए, तिनीहरूले त्यसकै बारेमा कुरा गर्न थाले र खीष्टले गर्नुभएका कामहरू गर्न थाले ।

सतावटबाट चारैतिर गएका उहाँका चेलाहरूको लागि उहाँको शक्ति अति नै आवश्यक थियो । तिनीहरूले एन्टिओकमा येशू खीष्टको नाम प्रचार गरे । त्यसकारणले गर्दा ठूलो भिडले खीष्टमा विश्वास गऱ्यो । तिनीहरू पवित्र आत्माले भरिएर खीष्टलाई हृदयदेखि नै प्रचार गरे । त्यत्तिकैमा तिनीहरू चुप लागेर बसेनन् । तिनीहरू खीष्टको जीवन र प्रेमले भरिएका थिए, त्यसैले उनीहरूले खीष्टको साक्षी दिने काम रोकेनन् । यसरी परमेश्वरको शक्तिमा प्रचार गरिएको जीवनको वचन सुनी धेरै मानिसहरूले खीष्टलाई व्यक्तिगत रूप्मा स्वीकार गरे । ती नयाँ विश्वास गर्नेहरूले यसरी नै गवाही दिए । एउटा विश्वास नगर्ने लेखकले अलि पछाडि यसरी भनेका छन्, "यदि यी नयाँ धर्म मान्ने लेखकले अलि पछाडि यसरी भनेका छन्, "यदि यी नयाँ धर्म मान्ने मानिसहरू एकै ठाउँमा बसेर खीष्टको बारेमा नबोलेको भए तिनीहरूलाई कुनै सतावट हुने थिएन । तर तिनीहरूको भित्र इच्छाद्वारा उहाँलाई प्रचार गर्थे र तिनीहरूको जीवन उहाँद्वारा अधिनमा भएका चाहन्थे ।"

त्यतिबेला मण्डलीले खीष्टलाई प्रचार गर्नुपर्नेमा एउटा गोप्य कुरा के भने तिनीहरू भित्रैबाट उत्साहित भई प्रचार गरेर मण्डली वृद्धि हुँदै गयो । खीष्टको गवाही दिनुपर्ने कारण चाहिँ सबैजनाले खीष्टको गवाही दिए, जति जनाले परमेश्वरको शक्तिको महसुस गरे । हरेकले येशू खीष्ट नै प्रभु हुनुहुन्छ भनी प्रचार गरे ।

तिनीहरूको प्रार्थनामा कस्तो शक्ति थियो, तिनीहरूले हरेकलाई यसरी प्रार्थना गर्न आह्वान गर्दथे, "प्रभु हामीलाई आशिष दिन, हो त्यो आशिष भनेको खीष्टलाई प्रचार गर्न सकौं, तपाईंको प्रेमको शक्ति हामीमा देखाउनुहोस्, जसले गर्दा हामीहरू तपाईंको आनन्दले भरिन सकूँ, तपाईंले हामीलाई जे गर्न भन्नुभयो, हामी त्यही मात्र भन्न चाहन्छौं हामीलाई सहायता गर्नुहोस् ।" कस्तो शक्तिशाली प्रार्थना विचार गर्नुहोस् त कस्तो प्रार्थना ।

**पृथ्वीको पल्लो छेउसम्म मेरो गवाही (साक्षी) हुनुपर्छ (प्रेरित १ : ८)**

यो कस्तो अचम्मको कुरा उहाँलाई क्रूसमा टाँग्ने मानिसहरूलाई नै भन्ने हिँड्नुपर्ने अझै पृथ्वीको पल्लो छेउम्म, यो निकै गाह्रो कुरा थियो । यो पुस्तकको लेखकको दिमागको यो कुरा कसरी पस्न सक्यो होला, तिनै यहुदीहरू जसले उहाँलाई क्रुसमा टाँगेका थिए, जोहरूको सम्पूर्ण जीवन क्रुसबाट नै प्रमाणित भइसकेको थियो, उहाँका चेलाहरूले पनि लगभग उहाँलाई त्यागेका थिए तर पनि तिनीहरूले नै संसारलाई विजय गर्नुपर्ने यो सम्भव देखिँदैन । कुनै पनि मानव मस्तिष्कमा यो सम्भव छ जस्तो लाग्दैन । यो परमेश्वरको विचार हो उहाँको मात्र यस्तो योजना र उद्देश्यलाई कार्यान्वयन गर्न सक्नुहुन्छ । येशूले आफ्ना चेलाहरूसँग बोलेको वचन "पवित्र आत्मा आउनु भएपछि तिमीहरूले शक्ति

पाउनेछौं ।" (प्रेरित १ : ८) तिनीहरूलाई यो कुरा निश्चित भएको खीष्टको शक्ति तिनीहरूले प्राप्त गर्नेछन् र त्यही शक्तिमा तिनीहरूले उहाँले भनेजस्तै गर्नेछन् । जसरी पिताले खीष्टमा काम गर्नुभयो त्यही आत्मा अब चेलाहरूले पनि प्राप्त गरेका थिए । त्यसरी खीष्टले पनि आफ्नो चेलाहरूलाई त्यही आश्वासन दिनुभएको हो । स्वर्गको सिंहासनबाट पाएको अधिकार मात्र उहाँले आफ्ना चेलाहरूलाई दिनुभएको हो । तिनीहरूले त्यति बेला नै के गर्नुपर्ने हो र कसरी गर्नुपर्ने हो राम्रोसँग सोधेको भए हुने थियो । त्यो प्रतिज्ञाकै बलमा पृथ्वीको छेउसम्म उहाँको राज्य विस्तारको काम गर्न सक्छ भनेर उहाँले भनिदिनुभएको भए हुने थियो ।

ओ ! विश्वासीहरूले परमेश्वरको राज्य विस्तार हुनको लागि संयुक्त र निरन्तर प्रार्थनाले मात्र सम्भव छ भन्ने कुरा बुझेको भए हुने थियो । तिनीहरूको हृदयमा त्यो आत्मा जसलाई साधारण मानिसहरूले प्रतिक्षा गरिरहेका थिए । यो खण्डको आसय राम्रोसँग बुझेको भए राम्रो हुने थियो । आजकल हाम्रो लागि यो एउटा चुनौतीकै रूपमा आएको छ किनभने हामीले पनि त्यो शक्तिलाई राम्रोसँग बुझ्न सकेका छैनौं । खीष्टको सिद्धान्त भनेको हामीले जे चाहन्छौं त्यही उहाँले पूरा गरिदिनु हुनेछ । यो वाक्य त्यतिबेला पनि सत्य थियो र अहिले पनि सत्य सावित भएको छ ।

ओ ! परमेश्वरले आफ्नो विश्वासको प्रमाणीकरण गर्नको निम्ति उहाँका छोराछोरीले एकतामा तिनीहरूले जे भागे पनि दिनुहुन्छ वा तिनीहरूको हृदयको इच्छा पूरा गरिदिनुहुन्छ । उहाँको दिने प्रतिज्ञा मात्र गर्नुहुन्छ उहाँले अवश्य दिनुहुन्छ । हे मेरा प्रिय पाठकहरू ! ती चेलाहरू जसले पवित्र आत्मा प्राप्त गरे, प्रार्थना गरे, प्रचार गरे, जीवन बलिदान त्यस्तै हुने प्रयास गर्नुहोस् । तपाईंको प्रार्थनाको जवाफ स्वरूप क्रुसमा टाँगिनु भएको येशूले तपाईंले सोधेको, खोजेको वा सोचेको भन्दा धेरै दिन चाहनुहुन्छ । त्यही पवित्र आत्माको शक्तिले तपाईंको जीवनमा महान् काम गर्नेछ । त्यसैको लागि दैनिक प्रार्थना गर्नुहोस् । परमेश्वरसँग प्रतिज्ञा गर्नुहोस् र गरेको प्रतिज्ञा पूरा गर्नुहोस् ।

Adapted from God's Best Secrets by Andrew Murray

---

# खीष्ट येशूका आज्ञाहरू

**विश्वास सम्बन्धमा**

- सु-समाचारमा विश्वास गर, मर्कूश १ :१५
- पिता र ममा विश्वास गर, यूहन्ना १४ : १
- मलाई पठाउनेलाई विश्वास गर, यूहन्ना : २८ - २९
- पिता ममा र म पितामा छौ भनेर विश्वास गर, यूहन्ना १४ : ११
- मैले गरेका काममा विश्वास गर यूहन्ना १० : ३७ - ३८
- मैले जे पिताबाट पाएको छु त्यसमा विश्वास गर मर्कूश ११ : २४

**नयाँ जन्मको सम्बन्धमा**

- नयाँ गरि जन्मनै पर्छ, यूहन्ना ३ : ७
- तिमीभित्र भएकोलाई सफा गर मत्ती २३ : २६
- रुख राम्रो वनाउ र फल राम्रो हुन्छ मत्ती १२ : ३३
- म मा रहो र म तिमीहरूमा यूहन्ना १५:४
- नून जस्तै वन मर्कूश ९ : ५०
- अनन्त जीवनको निम्ति दुःख गर यूहन्ना ६:२७
- आनन्दित बन किनकि तिम्रो नाम स्वर्गमा लेखिएको छ लूका १०:२०

**पवित्र आत्मा पाउने सम्बन्धमा**

- पवित्र आत्मा लिओ : यूहन्ना २० :२२
- पहिला वालवालीकाले थाहा पाउन मर्कूश ७ : २७
- तिर्खाउने आओस र पिओस् - यूहन्ना ७ : ३७ -३८
- मेरो आज्ञा पालन गर पिताले आशिष दिनुहुन्छ यूहन्ना १४ :१५-१७
- आनन्दले माग पाउनेछौ यू. १६:२४, लुका ११:५ - १३
- सल्लाहकारको गवाही दिनुहुन्छ यूहन्ना १५ : २६

**येशूको पछि लाग्ने सम्बन्धमा**

- मलाई पच्छाउ यूहन्ना १२ : २६
- बप्तिस्मा लेऊ मत्ती ३ : १३, २८ : १९
- मेरो सम्झनामा खाने गर लुका २२ : १७ - १९
- एक अर्काको खुट्टा धोऊ यूहन्ना १३ : १४-१५
- कोही मेरो पछि लाग्छ भने आफ्नो क्रूस आफै बोकोस् लुका ९:२३
- मबाट सिक मत्ती ११ : २९
- मेरो प्रेममा रहो यूहन्ना १५ :९

**प्रार्थना सम्बन्धमा**

- सधैं प्रार्थना गर, लुका २१ : ३६
- परीक्षामा नपर्न प्रार्थना गर लुका २२ : ४० - ४६
- खेतालाको निम्ति प्रार्थना गर लुका ६ : २८
- गाली गर्नेको निम्ति प्रार्थना गर लुका ६ : २८
- पितालाई खीष्टको नाउँमा प्रार्थना गर मत्ती ६:६, यूहन्ना १६:२४-२६
- प्रभुको प्रार्थना मत्ती ६ : ९ - १३
- अन्य जातिले जस्तो प्रार्थना नगर मत्ती ६ : ७ - ८

# प्रार्थनाद्वारा सबै कुरा सम्भव छ

## Everything By Prayer

**By Armin Gesswein -1907 – 2001) (20220910)**

पृथ्विमा प्रार्थना सर्वोच्च र पवित्र काम हो, तर पनि न यो सबैभन्दा कम महत्व दिइएको सेवाकाइ हो । हामी मध्यस्थताको निम्ति उभिएका छौं ! परमेश्वरका शक्तिशाली कामहरू अझ हुनुपर्छ ! हाम्रो पुस्ताले अझै प्रार्थनालाइ सेवाकाइको रुपमा देखेको छैन र परमेश्वरलाई उहाँको वचनमा बिषयगत रुपमा बुझेकै छैन । हाम्रो विचार अनुसार "हामी प्रार्थना गर्छौं र प्रभुले काम गर्नुहुन्छ भन्नेमा सिमित छ ! तर प्रार्थना हाम्रो वास्तविक सेवाकाइ हो । हामी अक्सर प्रार्थना चाहि उपसर्ग वा प्रत्यय जस्तै सेवकाइ शुरु हुनु अघि र पछि गरिने काम हो भनि सोच्छौं तर परमेश्वरका कामहरू धेरै छन् ! हामीले प्रार्थना गर्दा यसरि प्रार्थना गर्ने भनि सिकाइयो र त्यसरी नै हामी प्रार्थना गर्छौं । प्रार्थनाले कुनै पनि सेवकाइमा इसाई क्रान्ति ल्याउँछ, यस अर्थमा एक पटक उसले परमेश्वरको वचनमा विश्वास गर्छ !

परिश्रममा साथ हामीले खीष्ट जस्तै भएर उहाँ संग रहेर पल पालामा प्रार्थना गरिरहनु पर्छ, बास्तविकता यो हो कि उहाँले प्रार्थनाको सर्वोच्च सेवाकाइ गर्दा पसिना, आँसु र पीडाको बिन्दुमा रहनु भएको थियो ! त्यसैले बचनले भनेको छ उहाँ हाम्रो लागि मध्यस्थता गर्न "सधैं जीवित हुनुहुन्छ ! "यसैले जो पनि उहाँको मार्फत परमेश्वरकहाँ आउँछन् खीष्टले तिनीहरूलाई बचाउनु हुन्छ। खीष्टले यो सदाकाल गर्नसक्नु हुन्छ, किनभने जो परमेश्वरकहाँ आउँछ त्यसको सहायताको निम्ति उहाँ सधैं बाँच्नुहुन्छ। ( हिब्रू ७:२५)।

परमेश्वरका कामहरू प्रार्थनाद्वारा गरिन्छ, किनभने उहाँले मध्यस्थता द्वारा सधैं आफ्नो सिंहासनबाट बाहिर काम गर्नुहुन्छ। यो उहाँको मध्यस्थता मात्र होइन, तर हाम्रो पनि मध्यस्थता हो: उहाँको आत्माद्वारा, उहाँले हाम्रो लागि मात्र होइन, तर हामीमा पनि प्रार्थना गर्नुहुन्छ। उहाँले हामीलाई उहाँको आफ्नै महान प्रार्थना दिनुहुन्छ र त्यो साँचो प्रार्थना हो ! हामीले उहाँको प्रार्थनाको अनुकरण गर्ने मात्र होइन, तर यसमा प्रवेश गर्नको निम्ति प्रार्थनालाई ग्रहण गर्नुहोस्, र यसलाई हामी भित्र पस्न दिनुहोस्। यसरी हामी उहाँको महान कार्यमा प्रवेश गर्न सक्छौं र हामी केवल परमेश्वरको साथ काम गर्ने श्रमजीबीहरू हौं। बचनबाट हेरौं "हामी केवल परमेश्वरको साथ काम गर्ने खेतालाहरू हौंअनि तिमीहरू परमेश्वरका खेत जस्तै हौ र घर हौ जो परमेश्वरका हो। (१ कोरिन्थी ३:९) र हाम्रो आफ्नै कामहरु रोकेर उहाँबाट सिक्नुहोस्। उहाँको भौतिक अनुपस्थितिमा हामीले उहाँसँग काम गर्ने यो तरिका सिक्न सक्छौं , हामी उहाँको सन्तती हौं र दास भएर जिउनु पर्ने छैन ।

प्रार्थना गरिसकेपछि, हामी उहाँ सँगै हिँड्छौं प्रार्थनाको जवाफमा प्रभु येशूले हामीहरुको बिचमा उहाँका महान कार्यहरू गर्नुहुनेछ ! प्रार्थना

हाम्रो वास्तविक सेवाकाइ हो । उहाँको राज्यमा,उहाँले सेवकाई गर्नुहुन्छ र सेवाकाइ गर्ने उहाँको जनलाइ खार्नु हुन्छ ! खीष्टले उहाँमा विजयी हुनेहरुलाई महान विजयी र अनुयायीहरूलाइ अगुवा बनाउनुहुन्छ ।

जब हामी परमेश्वरसँग सेवाकाइ गर्छौं र जसरी हामीले प्रार्थना गर्छौं,हामीले उहाँका महान कार्यहरू देख्नेछौं, बुझ्नेछौं ! धार्मिक मानिसको प्रार्थना शाक्तिशाली र प्रभावशाली हुन्छ । वचनबाट हेरौं "सधैं तिमीहरू एक अर्कामा पाप स्वीकार गर। तब एक अर्काको निम्ति प्रार्थना गर । यसो गर, तब परमेश्वरले तिमीहरूलाई निको पार्नु हुन्छ। धार्मिक मानिसको प्रार्थना शाक्तिशाली र प्रभावशाली हुन्छ। (याकूब ५:१६) ! प्रभुमा प्रार्थना सबै कुरा होइन, तर सबै कुरा प्रार्थनाद्वारा सम्भब छ !

प्रार्थनाले परमेश्वरको इच्छा पूरा गर्छ।

राम्रोसँग यो कुरा भनिएको छ कि, "जब परमेश्वर हामीसंग काम गर्न राजी हुनुहुन्छ, उहाँले सधैं प्रार्थनाद्वारा जन जनमा आफ्नो काम सुरु गर्नुहुन्छ

जस्तै हामीले केवल प्रार्थना मात्र गर्छौं तर हामीले प्राप्त गर्न सक्ने कुरा परमेश्वरले हामीलाइ दिनुहुन्छ । प्रार्थनाको घेरा बाहिर केहि पनि छैन, परमेश्वरको इच्छा बिपरित केही छैन ! बचनबाट हेरौं :

"येशूले चेलाहरूलाई भन्नुभयो, "जब तिमीहरू प्रार्थना गर्छौं, तब यसरी गर'हे पिता! हामी प्रार्थना गर्छौं कि तपाईंको नाउँ सधैं पवित्र रहोस्। हामी प्रार्थना गर्दछौं कि तपाईंको राज्यको आगमन होस्। ( लुका ११:२)

"यदि तिमीहरू ममा रह्यौ र मेरो

वचनहरू तिमीहरूमा रह्यो भने तब तिमी जे पनि चाहन्छौ माग अनि त्यो तिमीलाई दिइनेछ। (यूहन्ना १५:७)

"परमेश्वरले तिमीहरूमा काम गर्नु हुँदैछ। उहाँलाई केले खुशी पार्छ त्यो गर्नु उहाँले नै सहयता गर्नुहुन्छ अनि शक्ति दिनुहुन्छ। अनि यस्तो गर्ने शक्ति पनि उहाँले नै दिनुहुन्छ। (फिलिप्पी २:१३)

परमेश्वरले बाइबलमा आफ्नो इच्छा प्रकट गर्नुभएको छ र उहाँले प्रार्थनामा आफ्नो इच्छा पूरा गर्नुहुन्छ।

"प्रभु, हामीलाई प्रार्थना गर्न सिकाउनुहोस्

ख्रीष्टसँग हामी कति टाढा छौं ? हाम्रो आत्मिकी विकास कति वृद्धि भएको छ? हाम्रो आफ्नै वृद्धि? हाम्रो आफ्नै कद ? हाम्रो आफ्नै क्रिश्चियन परिपक्कपन ? यो कुरा हाम्रो प्रार्थनापुर्ण जीवन द्वारा देखाइएको छ। यो हाम्रो वास्तविक शिष्यताको निम्ति प्रार्थनाको शिक्षालय हुनुपर्छ ! त्यस्तैगरी, हाम्रो सबै लेनदेनहरू र प्रभुको अनुशासन रेकर्ड गरिएको छ। हामी ख्रीष्टको साथमा मात्र छैनौं, हामी हाम्रो प्रार्थनामा पनि उहाँ संगै छौं । त्यसैले हामी क्रिश्चियनको लागि प्रार्थना जीवन हो। हामीले अरुलाई पनि सिकाउनु पर्छ प्रार्थनायोग्य जीवनको कुरा । ठ्याक्कै त्यही हो कि हाम्रो आत्मिक वृद्धिको मापन पनि प्रार्थनाले नै गर्छ। हाम्रो शक्तिको सही स्तर पनि प्रार्थनाले नै नाप्छ। शैतानले हामीलाई आक्रमण गर्न सक्दैन; केवल हाम्रो प्रार्थनाको शक्ति प्रयाप्त छ ।

तिनीहरू अघि बढ्दै जाँदा चेलाहरू अघि बढ्दै जाँदा तिनीहरूले प्रार्थनामा प्रभु येशूको महान् रहस्य छ भन्ने कुरा सिक्न थाले ! तिनीहरूले मृत्यु सम्मै पुग्दा र बौरी उठ्दा प्रार्थनाको महान रहस्य पनि पत्ता लगाए ! उहाँका प्रतिज्ञाहरू, उहाँका आज्ञाहरू, उहाँका दृष्टान्तहरू, र, सबै भन्दा माथि, उहाँको आफ्नै प्रचण्ड प्रार्थना अभ्यासलाइ उहाँले चेलाहरुमा हस्तान्तरण गर्दै हुनुहुन्थ्यो !

जबसम्म हाम्रा प्रभु स्वर्गको लागि तयार हुनुहुन्थ्यो, उहाँका चेलाहरू जेसुकै भए पनि केही समय अघि सम्म प्रार्थनाको महान रहस्य सिकेका थिएनन्, तिनीहरूले साँचो अर्थमा "कसरी प्रार्थना गर्ने ? भन्ने कुरा जान्नैपर्ने थियो । तर त्यो प्रार्थनाको महान रहस्य उनीहरुको हातमा आइसकेको थियो । अब उहाँ स्वर्गमा प्रस्थान गर्न सक्नुहुन्छ भन्ने कुरा तिनीहरूलाई राम्रोसँग जानकारी थियो ! तिनीहरू(चेला)लाइ उहाँको वचनमा पूर्ण रूपमा विश्वास थियो ! त्यासैले प्रार्थनामा परिपक्क र सफल भए वा पास भए ! त्यो सुरुवातले उत्तम अध्याय शुरु गर्यो र उनीहरु निरन्तर घुंडा टेक्दै प्रार्थना गर्दै प्रभुको सेवाकाइमा तल्लिन भए !

सबै कुरा प्रार्थना द्वारा सफल भएको थियो। त्यसैले चेलाहरूको सम्पूर्ण जीवन प्रार्थनामा बित्यो र प्रार्थनाको निरन्तरता नै चमत्कार हो ! प्रार्थना नै प्रभुलाई प्राप्त गर्ने सहि आधार हो , तरिका हो ! त्यसैले सबै कुरामा बिन्ती प्रार्थना गर्दै धन्यवाद दिँदै अगाडि बढ्नुपर्छ ! उहाँ हामी सबैमा हुनुहुन्छ, र हामी सबैबाट उहाँले महिमा पाउनु हुन्छ । "...प्रभु, हामीलाई प्रार्थना गर्न सिकाउनुहोस्... ! बचनमा यसरि लेखिएको छ ! "एक समय येशू कुनै एक ठाउँमा प्रार्थना गरिरहनु भएको थियो । जब प्रार्थना गरी सक्नु भयो, उहाँको चेलाहरू मध्ये एकजनाले उहाँलाई भने, "यूहन्नाले आफ्ना चेलाहरूलाई प्रार्थना कसरी गर्नु पर्छ सिकाए । हे प्रभु हामीले पनि प्रार्थना गर्नुपर्छ, सिकाउनुहोस् ।" (लूका ११:१)।

# अन्तर्राष्ट्रिय प्रार्थनाका विषयहरू

- रुस-युक्रेनबिच भइरहेको युद्धको चाँडै अन्त्य भई त्यस क्षेत्रमा शान्ति फैलिएको होस् ।
- श्रीलंकामा विद्यमान आर्थिक मन्दीले चाँडै निकास पाएको होस् ।
- इराकमा परमेश्वरको काम अझै प्रभावशाली हुन सकोस् र त्यहाँको साङ्ले प्रार्थनाले निरन्तरता दिन सकोस् भनी प्रार्थना गरौं ।
- युरोपमा फेरि हामीले प्रचारकहरू पठाउनुपर्ने चुनौती आएको छ । संसारका धेरै देशहरूले यो काम सुरु गरिसकेका छन् । आउनुहोस् हामी पनि सहभागी बनौं ।
- प्यालेस्टाइनमा भएका यहुदीहरू र ख्रीष्टियनहरू एकतामा आउन सकुन् र साँचो परमेश्वरको सत्यतालाई बुझ्न सकुन् यही प्रार्थना गरौं ।
- संयुक्त राष्ट्र संघका नेताहरूका लागि प्रार्थना गरौं । जोहरूले संसारमा शान्ति स्थापना गर्न सकुन् ।
- युगाण्डामा शान्ति स्थापना हुन सकोस् साथै त्यहाँ परमेश्वरको महान् काम हुन सकोस् भनी प्रार्थना गरौं ।
- संसारमा कति जातिहरू छन् जसको आफ्नो भाषामा बाइबल छैन । हामीमध्ये कति जनाको आफ्नै भाषामा बाइबल अनुवाद भएको छैन भने अब हामी प्रार्थना गर्न ढिला नगरौं ।
- संसारभरि कति ठाउँहरूमा सुसमाचारको खातिर प्रचारकहरूले दु:ख भोगिरहेका छन् तिनीहरूको बीचमा सेवकाई गर्ने व्यक्तिहरूको लागि प्रार्थना गरौं ।

# BOOKPOST

## पत्र पाउनेको ठेगाना (TO)

**नाम** (Name) :

**ठेगाना** (Address) :

## हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह–सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : श्री नवराज पन्त

**G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal**

**E-mail: nepalherald@yahoo.com**

**Phone No:- 01- 4982442**

**Published by: Gospel Revival Inc.** **(all rights reserved)**

**Counselor: Rich Carmicheal**

**Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682**

**Co- Editor: Mrs. Shanti Poudel**

**Editor: Mr. Nava Raj Panta**

**website: www.heraldofhiscoming.org**